मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक
# नव तिलोत्तमा

बुटवल 94.4 mhz एफ.एम

वर्ष १९ | अंक ३१३ | ०८२ असोज ०९ गते बिहिबार | (2025 Sep. 25 Thursday) | पृष्ठ संख्या ४ | मुल्य रू. ४

ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा ।
- विज्ञापनहरु दिनु परेमा ।
- ग्राहक बन्नु परेमा ।
- समयमा पत्रिका प्राप्त न भएमा ।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही
फोन: ०७१-४३८५७४

# मतदाता नामावली ऐन संशोधन अध्यादेश जारी



तिलोत्तमा/काठमाडौँ, ८ असोज । राष्ट्रपति रामचन्द्र पौडेलले मतदाता नामावली ऐन संशोधन गर्न बनेको अध्यादेश जारी गर्नुभएको छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार बुधबार राष्ट्रपति पौडेलले संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुभएको हो।

सरकारले फागुन २१ गते चुनावको घोषणा गरेसँगै नयाँ मतदाताको नाम सङ्कलनको बाटो खुला गर्न मतदाता नमावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश राष्ट्रपतिसमक्ष पेश गरेको थियो। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार आयोगले नयाँ मतदाता सङ्कलनका लागि कार्ययोजना बनाएर लागू गर्नेछ। सोही योजना अनुसार कुन मितिबाट सुरु गरेर कहिलेसम्म सङ्कलन गर्ने भन्ने मिति तय हुनेछ। २०८२ फागुन २० गते १८ वर्ष उमेर पुगेका मतदाताले फागुन २१ मा हुने निर्वाचनमा मतदान गर्न पाउनेछन्।

# राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज

## ससाना खुद्रे/टुक्रे आयोजना रोक्का

तिलोत्तमा/काठमाडौँ, ८ असोज । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति गर्न नपाइने भएको छ। यसैगरी सरकारले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरेको छ।

मन्त्रिपरिषद्ले गरेको निर्णयानुसार सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्ति गर्न पाइनेछ। सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनःरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कार्यम गर्ने सम्बन्धमा मन्त्रिपरिषद्ले सो निर्णय गरेको हो। उक्त निर्णय कार्यान्वयन गर्न/गराउनका लागि सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहलाई पत्राचार गरिएको अर्थ मन्त्रायका सहसचिव एवं प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो। सरकारले विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरेको छ। त्यस्तै सरकारका विभिन्न मन्त्रालयअन्तर्गत पुँजीगत खर्चमा विनियोजित रकममध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्वका स-साना आयोजना/कार्यक्रमहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने निर्णय गरिएको छ।

विभिन्न मन्त्रालयअन्तर्गत रहेका बजेट शीर्षकमा बजेट विनियोजन भए तापनि उद्देश्यभन्दा बाहिरका र कम महत्वका क्षेत्रमा रहेको बजेट विनियोजनलाई रोका राख्ने सरकारको निर्णय छ। भैपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजनाहरू पहिचान नभएको हुँदा उपयोगिता नदेखिएको बजेट रोका राखिनेछ।

यसैबीच प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका ससाना खुद्रे/टुक्रे आयोजनासमेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजनलाई रोक्का राखिनेछ। त्यस्तै माथि रोका प्रस्ताव गरिएका बजेट उपशीर्षकमा रहेका कियाकलापहरूमा अघिल्लो आर्थिक वर्षमा दायित्व सिर्जना भएको तर भुक्तानी दिन बाँकी रहेको भए फरफारक गर्ने हदसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम रोक्का फुकुवा गर्ने सरकारको निर्णय छ।

राष्ट्रिय प्राथमिकता, स्रोत सहमति दिइएका तथा क्रमागत आयोजनामा दायित्व सिर्जना भएको या चालु आर्थिक वर्षमा दायित्व सिर्जना हुने तर न्यून बिनियोजन भएको भए रोक्का रहेको उपशीर्षकबाट रकमाम्तर गरी खर्च व्यवस्थापन गरिनेछ।

विगतमा प्रचलित कानुनबमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन पर्याप्त रकम विनियोजन नभएको कारण बजेट अपुग भएको भए रोक्का गरिएको रकमबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधन गरी खर्च व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ।

रोक्का रहेका आयोजनामध्ये २०८२ असोज २ गतेसम्म खरिद सम्झौता भई दायित्व सिर्जना भइसकेको वा खरिद प्रक्रिया अन्तिम चरणमा रहेको भए सोको पुष्ट्याइँसहित फुकुवाको लागि सम्बन्धित मन्त्रालयबाट लेखी आएपछि अर्थ मन्त्रालयले फुकुवा गर्ने निर्णयमा उल्लेख छ।

यस्तै सरकारबाट सञ्चालन हुने, सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाखभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने र आयोजना टुर्क्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने निर्णय गरिएको छ। निर्माणमा 'कन्टिन्जेन्सी' रकमको सीमा घटाई एक अर्बसम्म लागत अनुमान भएका आयोजनामा तीन प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा दुई प्रतिशतसम्म हुने गरी कार्यान्वयन गरिनेछ।

चालु आर्थिक वर्ष २०८२/८३ मा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालुतर्फका नयाँ क्रियाकलाप/कार्यक्रमको कार्यक्रम सञ्चालन ढाँचा स्पष्ट नभएको, कार्यकमको प्रतिफल सम्बन्धित नभएको वा अनुत्पादक (बाँकी ३ पेजमा...)

# बाबुराम भट्टराईले त्यागे अध्यक्षको पद

**तिलोत्तमा/काठमाडौं, ८ असोज।**

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले अध्यक्ष पद त्याग्नु भएको छ।

उहाँले बुधबार काठमाडौंमा बसेको पार्टी केन्द्रीय समिति बैठकमा पदत्याग गर्ने प्रस्ताव पेस गर्नु भएको हो। बैठकले केन्द्रीय समिति भंग गरेर फागुनमा विशेष महाधिवेशनमा जाने निर्णय पनि गरेको छ।



यसैबीच महाधिवेशनका लागि आयोजक कमिटी पनि गठन गरिएको छ। आयोजक कमिटीको संयोजकका रुपमा वरिष्ठ उपाध्यक्ष दुर्गा सोबलाई तोक्ने तयारी रहेको बैठकमा सहभागी एक केन्द्रीय सदस्यले जानकारी दिनुभयो।

पार्टी उपाध्यक्ष मानुषी यमी भट्टराईले अध्यक्ष भट्टराईले पद त्याग्ने प्रस्ताव बैठकमा राख्नुभएको र फागुनमा विशेष महाधिवेशनमा जाने प्रस्तावमाथि छलफल गरिरहेको बताउनुभयो। बैठकका निर्णयहरूबारे जानकारी दिन नेसपा नयाँ शक्तिले विहीबार पत्रकार सम्मेलनको आयोजना गरेको उहाले जानकारी दिनुभयो।

# दसैँअघि अनुदान रकम देऊ : उखु किसान

**तिलोत्तमा/परासी, असोज ८ गते।**

मुलुकभरका उखु किसानले सरकारसँगको सम्झौताअनुसारको अनुदान रकम दसैँअघि नै पाउनुपर्ने माग गरेका छन्। सरकारले यसअघि नै रकम उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि अहिलेसम्म किसानले उक्त रकम नपाएपछि उनीहरू चिन्तित बनेका हुन्।

देशभरका किसानले आर्थिक वर्ष २०८१/८२ को अनुदान रकम एक अर्ब ६० करोड रुपियाँ अनुदान भुक्तानी पाउन बाँकी छ। उखु उत्पादक महासङ्घका प्रवक्ता एवम् पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले विज्ञप्ति जारी गर्दै दसैँ अगाडि रकम नपाएमा दसैँलगत्तै सडक सङ्घर्षमा उत्रने चेतावनी दिएका छन्। यसअघि भदौ ८ देखि १३ गतेसम्मको आन्दोलनपछि सरकारले तत्कालै अनुदान रकम दिने आश्वासन दिएको थियो। गत वर्ष उखुको मूल्य प्रतिक्विन्टल ६ सय ५५ रुपियाँ तोकिएको



थियो, जसमा उद्योगीले ५ सय ८५ रुपियाँ र सरकारले ७० रुपियाँ अनुदान दिने भनिएको थियो। तर, चालु आर्थिक वर्षको बजेटमा सरकारले अनुदान रकम नै उल्लेख नगरेपछि किसान आन्दोलित भएका छन्।

किसानहरूले तत्काल अनुदान रकम सुनिश्चित नगरिए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिए पनि सरकारले यस विषयमा कुनै सुनुवाइ नगरेको उनीहरूको भनाइ छ। नेपालमा करिब ७० हजार हेक्टर क्षेत्रफलमा उखु खेती हुने गरेको अनुमान छ। नेपालमा वार्षिक करिब दुई करोड १५ लाख क्विन्टल उखु उत्पादन हुने गरेको अनुमान छ।

# पानी तान्ने मोटरबाट करेन्ट लागेर एक दम्पतीको मृत्यु

**तिलोत्तमा/बुटवल, ८ असोज।**

रुपन्देहीको गैडहवामा पानी तान्ने मोटरमा करेन्ट लागेर एक दम्पतीले ज्यान गुमाएका छन्। गैडहवा गाउँपालिका-६ कानीजहवा निवासी ७५ वर्षीय रामरतन सैठवार र उहाकी पत्नी ६८ वर्षीया अकालीसिंहको बुधबार बिहान मृत्यु भएको हो।

खेतमा लगाएको तरकारीमा सिँचाइका लागि मोटरबाट पानी तान्ने क्रममा उहाँहरूको करेन्ट लागेर मृत्यु भएको हो।जिल्ला प्रहरी कार्यालय रुपन्देहीका डीएसपी सुरज कार्कीका अनुसार ह्याण्ड पाइपबाट पानी तान्न मोटरको तार जोड्दा करेन्ट लागेर दुवैजनाको मृत्यु भएको हो।

सुरूमा पत्नीलाई करेन्ट लागेको र छुटाउन जाँदा रामरतनलाई पनि करेन्टले भेटेको कार्कीले बताउनुभयो।

मोटरको तार पावर सकेटमा जोड्ने टुपिन नहुँदा नाङ्गो तार जोड्ने क्रममा करेन्ट लागेको प्रहरीको भनाइ छ।

# काठ चोरेको आरोपमा वनका अध्यक्षसहित दश जना पक्राउ

**तिलोत्तमा/अर्घाखाँची, ८ असोज।**

अर्घाखाँचीको एक सामुदायिक वनका अध्यक्षसहित उपभोक्ता मिलेर अवैध रुपमा सालको रुख काटेर चिरान गर्दैंगरेको अवस्थामा प्रक्राउ परेका छन्। शितगंगा नगरपालिका वडा नम्वर ८ झाक्रिथान सामुदायिक वनका अध्यक्ष डुकबहादुर खत्रीसहित १० जनालाई काठ चिरान गरिरहेको अवस्थामा प्रक्राउ गरिएको हो। अर्घाखाँचीबाट सालको रुख काटी प्युठानको सरुमारानी गाउँपालिका वडा १ खुनभुने काठ चिरान गरिरहेको अवस्थामा प्युठानको डिभिजन वन कार्यालय प्युठानले मगलवार साँझ डिभिजन वन कार्यालय अर्घाखाँचीलाई बुझाएको छ। प्रकाउ परेकाहरुमाथि अनुसन्धान भइरहेको छ। हाल १० जनालाई जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा राखिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका सूचना अधिकारी झलक शर्माले जानकारी दिनुभयो। पक्राउ पर्नेमा सामुदायिक वनका पूर्व अध्यक्ष हुमबहादुर वाकवल, शितगंगा -८ कै स्थानीय चन्द्रबहादुर वाकवल, सोही ठाउँकै टिकाराम पुलामी र पुरन धामी रहेको अर्घाखाँची डिभिजन वन कार्यालयका निमित्त प्रमुख गणेशकुमार थारुले जानाकारी दिनुभयो। यस्तै, त्युठान जिल्ला सरुमारानी गाउँपालिका -१ खुनभुनेका लेखबहादुर केएम, सकुर मिया, विरबहादुर धामी, शंकर विश्वकर्मा र एक जना नावालिका रहेको जनाइएको छ।

## सम्पादकीय

### चाडपर्वको बेला विपदको चिन्ता

*हरेक बर्ष आउने बिपद्लाई रोक्न सकिन्न तर बिपद्बाट सिर्जित मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सकिन्छ । हरेक विपद्ले सिकाउने यो सन्देशलाई राज्य र सम्वन्धित सरोकार पक्षले बेवास्ता गर्दाको परिणाम हरेक विपत्तिमा अकाल मृत्यु र भौतिक संरचनाको नोक्सान मुलुकले हरेक बर्ष ब्यहोर्नु परेको छ । हरेक विपदा हुने धनजनको क्षतिले विपद्बाट सिक्न नसकेको र सिके पनि त्यसलाई ब्यवहारमा उतार्ने जाँगर नहुने प्रवृत्तिलाई बारम्बार दर्शाइरहेको छ । यो बर्षको विपदमा पनि सयौं मानिसले ज्यान गुमाएका छन । कैयौंको घर, सम्पत्ति बाढी पहिरोमा पऱ्यो । एक हिसाबले भन्दा मुलुकले प्राकृति विपदबाट ठूलो क्षति भोग्नु परेको छ । यसतर्फ अब पनि समयमा सोचेर काम नगर्ने हो भने हरेक विपदमा हुने क्षति निरन्तर बढिरहनेछ । त्यसबाट समुदायको पिँधमा रहेका गरिब तथा सीमान्तकृत जनता अझ शोक, भोक र कष्टमा बाँच्न बाध्य हुनेछन् ।*

*यतिबेला दशैं सुरु भैसकेको छ । मानिसहरु दशैं मनाउन घर फर्किरहेका छन । तर, देशका विभिन्न स्थानमा आएको पहिरोले धनजनको क्षति पुगेको छ । काठमाडौं उपत्यकालाई जोड्ने नाकाहरु अवरुद्ध छन् । मुग्लिङ नारायणगढ सडक लगातार अवरुद्ध हुँदा यात्रीले सास्ती पाएका छन । सरकारले तदारुकताका साथ पहिरो रोकथाम तथा नियन्त्रण गरि सर्वसाधारण जनतालाई मुलुकमा सरकारको उपस्थितिको अनुभूत दिलाउन सक्नुपर्दछ । खोज तथा उद्धार कार्यलाई पनि द्रुत गतिमा अघि बढाउनुपर्दछ । देशका अरु स्थानका बाटो घाटोमा परेको अवरोध हटाउने कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ । यी कामले जनतालाई सरकारको उपस्थितिको अनुभूत गराउनेछ । यसबीचमा सरकारको उपस्थिति बलियो बनाउन र विपद् प्रतिकार्यका लागि एकबद्ध भएर अघि बढ्नुपर्ने खाँचो छ । यस पटकको वर्षाले पूर्व पश्चिम लोकमार्गमा ठूलो क्षति भएको छ । नागरिकले यात्रा गर्दा ठूलो सास्ती पाएका छन । पहिरोका कारण अझैपनि देशका विभिन्न सडक अवरुद्ध भएको अवस्थामा दशैं र तिहारलाई मध्यनजर गरि सरकारले ती क्षेत्रमा द्रुत उद्धार तथा पहिरो नियन्त्रण सेवा सुचारु गरोस् । राज्यले लामो अन्तरालमा हुने वर्षा र पुऱ्याउन सक्ने क्षतिको समेत लेखाजोखा गर्नुपर्छ । सडक, बस्ती, खोला नियन्त्रणका उचित योजना ल्याउने हो भने केही हदसम्म पहिरो र डुबानबाट मानिसको ज्यान बचाउन सकिन्छ । राज्य यसतर्फ गम्भीर हुनैपर्दछ ।*

## अन्तर्राष्ट्रिय समाचार

### ताइवानमा शक्तिशाली आँधी ‘रागासा’ बाट १४ जनाको मृत्यु

एजेन्सी/ताइवान, ८ असोज । ताइवानमा शक्तिशाली आँधी ‘रागासा’ को ठूलो प्रभाव परेको छ । आँधीका कारण कम्तिमा १४ जनाको ज्यान गएको छ । यस्तै एक सय २० जना भन्दा धेरै बेपत्ता भएका बीबीसीले जनाएको छ । त्यहाँ मुसलधारे वर्षा र बाढी आएको छ । यसले गर्दा एउटा ताल फुटेर मानिस हताहत भएका हुन् ।

ताइवानको पूर्वी हुवालियनको गुआङ्फु शहरमा ताल फुट्दा ठूलो बाढी आएको हो ।

रागासाले ताइवानलाई प्रभावित गर्दै दक्षिण चीनको तटीय क्षेत्रतर्फ अघि बढिरहेको छ । शक्तिशाली हावाका कारण हङकङ र दक्षिण चीनका केही भागमा पनि उच्च सतर्कता अपनाइएको छ । हङकङमा आज पनि विद्यालय बन्द गरिएको छ ।

चीनको ग्वाङदोङ प्रान्तबाट तीन लाख ७० हजारभन्दा धेरै मानिसलाई सुरक्षित ठाउँमा सारिएको छ । ‘रागासा’ आँधी ग्वाङदोङमा बज्रिने मौसमविद्को अनुमान छ । यो आँधीले यसअघि फिलिपिन्समा प्रभाव पारेको थियो ।

# जनादेश खोजेको जेनजी



भुवन न्यौपाने

छोटो समय भएको आन्दोलनले देशमा अकल्पनीय उथलपुथल भयो । लामो समय जरा गाडेर बसेको भ्रष्टाचार, बेथिति र कुशासनको चरम प्रवृत्तिबाट ग्रसित मुलुकले छोटो समयमा अपूरणीय क्षति बेहोर्नु परेको छ । आन्दोलनका क्रममा अराजकता, आगजनी र आततायी प्रवृत्तिलाई कदापि क्षम्य मान्न सकिँदैन । त्यस्ता कुकीर्तिको कानुनबमोजिम कारबाही हुनुपर्छ । सरकारले पछिल्लो समय गरेका कतिपय निर्णय, सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, आक्रोश र मुलुकमा व्याप्त भ्रष्टाचारका विरुद्धमा जेनजीको पहल, सक्रियता र सहभागितामा सुरु भएको एउटा गैरराजनीतिक प्रदर्शनले २४ घण्टा नबित्दै सरकार ढल्यो ।

संविधानको स्पष्ट प्रावधानबाट भन्दा पनि आवश्यकताको सिद्धान्त र विषम परिस्थितिबाट अन्तरिम सरकार गठन भएको छ । जनप्रतिनिधिमूलक प्रतिनिधि सभा विघटन भएको छ । आगामी फागुन २१ का लागि चुनावको मिति घोषणा भएको छ । यति छोटो समयमै भएको यो स्तरको परिवर्तन नेपालका लागि मात्र होइन विश्वमै विरलै हुने घटनाका रूपमा दर्ज भएको छ । अर्कातर्फ यसले अभूतपूर्व रूपान्तरणको सङ्केत पनि दिएको छ । यद्यपि जेनजीको आन्दोलनबाट केकस्ता सुधारका सङ्केत गरेको छ भन्ने बहसको खाँचो छ ।

पछिल्लो विकसित विषम परिस्थितिबारे विभिन्न कोणबाट बहस, विमर्श र आरोपप्रत्यारोप पनि सुरु भएका छन् । विगतका आन्दोलनभन्दा फरक शैलीमा देखिएको यस्तो आन्दोलन अनुमान पनि गरिएको थिएन । आन्दोलनका क्रममा आन्दोलनकारी र सरकारी पक्ष, प्रशासन तथा सुरक्षाकर्मीबाट कानुन उल्लङ्घन भएका धेरै तथ्य बाहिरिएका छन् । आन्दोलनमा घुसपैठ भएको चर्चा व्यापक छ । यसले उत्पन्न गराएको अराजकता, आगजनी र अमानवीयता कानुनको प्रथम दृष्टिमा नै अस्वीकार्य छन् । यस क्रममा आन्दोलनका बहुरूप देखिए ।

प्रहरी प्रशासन, सुरक्षा निकाय र नेतालाई आक्रमण गर्नेहरू पनि देखिए । सुरक्षा दिएर बचाउने मानवीयता भएका पनि देखिए । समाजका अराजक तत्वको सूक्ष्म अनुसन्धान र कारबाहीमा धेरै ढिला गर्नु हुँदैन । नेतृत्वको सामूहिक असफलता, सरकारको अकर्मण्यता, संवेदनहीन सत्ता सारथीहरू, सुरक्षा निकायका संवेदनशील भूमिकामा आशङ्का पनि देखिएका छन् । व्यक्तिगत, व्यावसायिक, सरकारी, सार्वजनिक र सञ्चार जगत्मा भएका क्षति देख्दा आँसु थाम्न सकिने अवस्था छैन । के कारणले हाम्रो समाजभित्रको सहिष्णुता भङ्ग हुन पुगेको हो समीक्षा आवश्यक छ । निष्पक्ष अनुसन्धान गरी गल्ती गर्नेलाई कानुनी दायरामा ल्याउन सकिएन भने राज्यको वैधानिकता र अन्तर्राष्ट्रिय छविमा दाग लाग्ने छ । कारागारबाट हजारौँ कैदीबन्दी भागेका छन् । त्यसले समाजमा पार्ने प्रभाव, कानुनी र सुरक्षा संवेदनशीलता बढाएको छ । त्यस्ता कसुरलाई कानुनी दायरामा ल्याउन सकिएन भने दण्डहीनताले प्रश्रय पाउने भय हुन्छ ।

आर्थिक, सामाजिक, भौतिक, मानवीय दृष्टिले नेपाली समाज अहिले विछिप्त छ । हाम्रा भातृत्व, मानवता, राजनीतिक र सामाजिकीकरणका सम्बन्ध भत्किएका छन् । कानुन, सुरक्षा र राज्यप्रति नागरिक विश्वस्त बन्न सकेका छैनन् । यस्तो अवस्थामा पारदर्शी, जवाफदेही र कानुनी शासनको अभ्यास गर्न सरकार चुक्नु हुँदैन । यस्तो समयमा आफ्नालाई जोगाउने र अर्कालाई मात्र कारबाही गर्ने वातावरण नबनोस् ।

सत्य, तथ्य, प्रमाणका आधारमा कानुनबमोजिम कारबाही गरेर समाजमा कानुनी शासनको प्रत्याभूति दिलाउन कुनै पनि कसर बाँकी राख्नुहुन्न । जेनजीको आन्दोलनले गम्भीर प्रश्नको खोजी गरिरहेको छ । राजनीतिक जिम्मेवारीमा रहेका मन्त्री, प्रधानमन्त्री मात्र होइन, गृह प्रशासन र प्रहरी सबैलाई छानबिनको दायरामा राखेर दोषी दण्डित हुने प्रभावकारी छानबिन आवश्यक छ । संवैधानिक अङ्गका रूपमा रहेको भ्रष्टाचारको छानबिन गर्ने निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा सरकारीमातहतको सम्पत्ति शुद्धीकरण विभाग पनि विगतमा शासकीय दम्भबाट विमुख भएका छैनन् । संवैधानिक निकाय आफ्नो जिम्मेवारी र दायित्व भन्दा पनि राजनीतिक इच्छाशक्तिबाट ग्रसित भएका उदाहरण छन् । त्यसको सुधारका लागि पनि सरकारले चासो राख्नुपर्ने देखिन्छ । निर्वाचन लोकतन्त्रको सुन्दरता हो । अन्तरिम सरकार छ महिनाका लागि हो । फागुन २१ भित्र प्रतिनिधि सभाको चुनाव सम्पन्न गर्नु प्रमुख दायित्व हो ।

संवैधानिक प्रणाली शिरोधार्य गरी जननिर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु हो । भयरहित निर्वाचनका विषयमा राजनीतिक दलसमक्ष अझै आशङ्का कायम छ । राजनीतिक दल स्वतन्त्र, निष्पक्ष र निर्बाध निर्वाचनमा सहभागी हुने वातावरण भएन भने चुनाव सम्पन्न हुन सक्दैन । अन्तरिम सरकारले र दलका प्रतिनिधिसँग पनि संवाद, सहकार्य र समन्वय गर्नु पर्छ । अन्तरिम सरकार र राजनीतिक दलका दुरी र अविश्वास बढ्दै गए निर्वाचनको अनिश्चितता बढ्ने सङ्केत पक्कै हुन्छ ।

लोकतान्त्रिक निर्वाचन राजनीतिक वातावरण हो । विश्वसनीयता र राजनीतिक वातावरणका लागि उनीहरूको विश्वास र सहभागिता अपरिहार्य छ । राजनीतिक वातावरण बनाउने दायित्व सरकारको हो । निर्वाचन आयोग त सरकार, राजनीतिक दल र जनताबिचको सम्बन्धसेतु अर्थात् प्राविधिक व्यवस्थापन गर्ने मात्र हो । सरकारले नै दल र जनतालाई निर्वाचनमा व्यापक सहभागिताका लागि आह्वान, प्रोत्साहन गर्नु र विश्वस्त पार्नुपर्छ । नवपुस्ताले भ्रष्टाचारमा शून्य सहनशीलता, सुशासन, शिक्षा, रोजगारी र स्वास्थ्यमा जनताको पहुँचको चाहना राखेका छन् । नेपालमा जनादेश खोजेको नवपुस्ताले राजनीतिक, सामाजिक र सांस्कृतिक कोणबाट मुलुकको रूपान्तरणको एजेन्डा बोकेका छन् । सामाजिक सञ्जाल, अन्तर्राष्ट्रिय अनुभव, सूचना तथा सञ्चारको प्रभाव, प्रविधि तथा विज्ञानको विकास, प्राविधिक पहुँच र सुशासन, पारदर्शिता र जवाफदेहिताका अभ्यासका कारण उनीहरू पुराना राजनीतिक संरचनाभन्दा बढी आवाजमय र प्रश्न गर्न सक्षम भएका छन् । जुन विषयलाई सकारात्मक रूपमा लिएर सार्थक परिवर्तनका लागि सबैको सहकार्यको खाँचो छ ।

जेनजीको जनादेश खोज्ने आधार प्रशस्त थिए । राजनीतिक प्रणालीमा निराशा, दशकौँदेखि नेतृत्वको पुस्तान्तरण नहुनु, नेतृत्वको सामूहिक असफलता, बेथिति, कुशासन र भ्रष्टाचार, असक्षमता रहेका छन् । स्वदेशमा नै रोजगारी र अवसरको अभाव छ । ठुलो स८्यामा युवा शक्ति विदेश पलायन छ । यो पुस्ताले नेपालमै परिवर्तनको माग गरेका छन् । स्वदेशमा नै भविष्य खोजी गरिरहेका छन् । जुन यो समयमा मह□वपूर्ण विषय पनि हो । देश निर्माणका लागि यो पुस्ताको चासो, सक्रियता, संयमता, सहभागिता र सचेतनाको खाँचो छ ।

यसले मुलुकको रूपान्तरणको मार्ग तय पनि गर्न सक्छ । संविधानले पहिचान र स्वतन्त्रतामा लैङ्गिक समानता, अभिव्यक्ति स्वतन्त्रता, समावेशी राजनीतिलाई प्राथमिकतामा राखेको छ । सामाजिक न्याय र पारदर्शिता र जवाफदेहिता, दिगो र पर्यावणीय संरक्षण, डिजिटल पारदर्शिता, शिक्षा स्वास्थ्यमा समान पहुँच परिकल्पना गरेको छ । राजनीतिक दलका नेतृत्व र कर्मचारीतन्त्रले दिने विकासका सपना, अग्रगमन, भ्रष्टाचारमा शून्य सहनशीलता जस्ता अमूर्त वाचा र व्यवहारबिचको अन्तरले राज्य संयन्त्र र नागरिकबिच विश्वासको खाडल आएको छ । त्यसैको परिणाम अहिलेको परिस्थिति जन्मिएको हो । अब दलमा मात्र नभई कर्मचारीतन्त्रमा समेत व्यापक सुधारको खाँचो छ । नागरिक र राज्य संयन्त्रबिचको गहिरो विश्वासको सङ्कट छ । दशकौंको राजनीतिक उतारचढावपछि पनि दलभित्र सुधार र जवाफदेहिताको अभावले यो खाडल अझ फराकिलो बनेको छ । देश चलाउने निर्वाचित जनप्रतिनिधिले नै हो । लोकतन्त्रमा राजनीतिक दलविहीन राज्यको कल्पना गर्न (बाँकी ३ पेजमा...)

# देश डढाउने हजुरबाको सत्ता



मनोज सुवेदी

जेन-जी आन्दोलनले देशमा एउटा राजनीतिक तरंग ल्याएको छ । नेपालको राजनीतिक इतिहासमा शासकीय स्वरूप बदल्ने आन्दोलन निकै भए, तर जेन-जी आन्दोलन अलिक फरक छ । यसमा संरचनागत सुधारप्रति नभई शासकप्रतिको असन्तुष्टि देखिन्छ । सन् १९९७ देखि २०१२ बिच जन्मिएको पुस्ता विश्वसँग अलिक नजिक छ । तिनको सोच्ने शैली तुलनात्मक रूपमा भिन्न छ । एउटै व्यक्ति बारम्बार एउटै पदमा दोहोरिइरहँदा ती युवा वाक्कदिक्क भएका थिए । त्यसमाथि तिनै अलोकप्रिय अनुहार भ्रष्टाचारमा पनि पटक-पटक मुछिएकाले युवा निराश थिए । राजनीतिमा खासै चासो नराख्ने तर विज्ञान, प्रविधिको उपयोगले संसारसँग निरन्तर समन्वयमा रहिरहेको पुस्तामा हजुरबा पुस्ताले आस जगाउन सकेन । हजुरबा पुस्ताले जेन-जी पुस्ताको समस्या बुझ्न र निकास दिन सकेन या चाहेन । जसले बेरोजगार युवाको परिवर्तनको चाहनालाई निरन्तर कुठराघात गरिरह्यो । परिणामतः भ्रष्टाचार र बेथितिको प्रत्यक्ष सिकार भइरहेको यो पुस्ता चुप लागेर बस्न सकेन र आन्दोलनमा होमियो । स्थापित दलका शीर्ष नेतृत्व विशेषतः ०४६ देखि अहिलेसम्म अपवादबाहेक उनै छन् । यिनीहरूबाट उपलब्धिमूलक काम केही भएन । यिनले भ्रष्टाचारलाई प्रोत्साहन गरेर सत्ताको दुरुपयोग गरिरहे । जसले आजका युवालाई आजित बनायो । अहिलेको जेन-जी आन्दोलनको लक्ष्य नै नेतातन्त्र र भ्रष्टतन्त्रको अन्त्य थियो ।

२३ भदौको आन्दोलनको लहरसँगै देशैभरका जेन-जी युवा एकसाथ एउटै स्वर बोलिरहेका थिए । तर विडम्बना, राज्यले कलिला विद्यार्थीको निर्मम र क्रूर हत्या गऱ्यो, जसको जति निन्दा गरे पनि कमै हुन्छ । तैपनि, त्यो सत्ताले हत्यापश्चात् पनि आफ्नो गल्ती स्विकारेन । जेन-जी पुस्तालाई यसले झनै उत्तेजित बनायो । फलस्वरूप २४ गतेको आन्दोलन झनै अनियन्त्रित भयो । जसले गर्दा सरकारी तथा निजी सम्पत्तिमाथि अकल्पनीय क्षति भयो । सिंहदरबारदेखि सर्वोच्च अदालत राजनीतिक दलका पार्टी कार्यालयदेखि नेताका घरसम्म ध्वस्त भए । आन्दोलनमा घुसपैठ भयो भनिए पनि जेन-जीको भ्रष्टाचार र नेतातन्त्रप्रति आक्रोश थियो यो । परिणामतः दलका शीर्ष नेता सेनाको सुरक्षा घेराभित्र बस्न बाध्य भए । आन्दोलनको सफलतापछि जेन-जी पुस्ताको प्रतिनिधिमार्फत प्रधानमन्त्री चयन गरी प्रतिनिधिसभा विघटन गरियो । यसले प्रत्यक्ष देखाउँछ कि जेन-जीले शासकीय स्वरूप परिवर्तन नभई व्यक्ति र व्यवहार परिवर्तन गर्न खोजेका हुन् ।

जेन-जी आफू कुनै पनि पदमा बस्न नचाहनुले योभन्दा स्वच्छ आन्दोलनको भावना अरू हुनै सक्दैन । यतिखेर स्थापित दलले संसद् विघटनको प्रतिरोधदेखि आफू सुध्रिने आश्वासनसमेत दिइरहेका छन् । तर, जेन-जीले पत्याइरहेका छैनन् । दलका युवा नेताले आफ्नो दल सच्चिने र आन्दोलनको भावनाअनुरूप अघि बढ्ने आश्वासन त दिएका छन् । तर विडम्बना, स्थापित दलका शीर्ष नेतालाई विस्थापित गर्ने जेन-जीको चाहना भने अझै पूरा भएको छैन ।

दलहरूमा नेतृत्व परिवर्तनको मुद्दा उठान भए पनि ठोस कदम भने चालिएको छैन । वा भनौँ, नेतृत्वले आफैँ राजीनामा दिइसकेको अवस्था छैन । यसको स्पष्ट सन्देश हो कि स्थापित दलका शीर्ष नेता अझै पनि आन्दोलनप्रति गम्भीर छैनन् । सबैले आआफ्नै नेतृत्वमा दल सञ्चालन गर्ने स्पष्ट सन्देश दिएको पाइयो । जेन-जी आन्दोलनले दल र उसको विचारप्रति आक्रोश देखाएन । जति पनि पार्टी कार्यालय तोडफोड र नेताका घरमा आगजनी भए, ती सबै निन्दनीय घटना भए पनि त्यसका दलका शीर्ष नेताको शासकीय रबैया नै मुख्य रूपमा जिम्मेवार देखिन्छ । जेन-जी आफू सरकारमा सहभागी हुन चाहन्न । उसको कुनै स्वार्थ पनि छैन । उसको एउटै मात्र स्वार्थ छ, आफ्नो भावनाअनुरूप दल र तिनको सरकारले काम गरिदियोस् । र, विद्यमान समस्या समाधान गर्दै जाओस् ।

यतिखेर न दलका युवा पुस्तामा नेतृत्वलाई विस्थापन गर्ने सामर्थ्य देखिन्छ, न हजुरबा पुस्ताले आफू हट्ने सन्देश नै दिन्छन् । जेन-जीको स्पष्ट सन्देश छ, लोकतान्त्रिक व्यवस्थामा दलहरूकै भूमिका सक्रिय हुन्छ, जति नै दलप्रति आक्रोश व्यक्त गरे पनि शासन गर्ने दल र तिनका प्रतिनिधिले नै हो । अझ नेपालको सन्दर्भमा यिनै स्थापित दलले नै हो । स्थापित दलका शीर्ष नेता विस्थापित नभएसम्म देशको राजनीति निरन्तर अस्थिर हुने र युवाको आक्रोश बढ्दै जानेमा सन्देह छैन । युवा पुस्ताको स्पष्ट सन्देश छ- हजुरबा पुस्तालाई सक्रिय राजनीतिबाट विस्थापित गरियोस्, तिनले गरेको भ्रष्टाचारबारे छानबिन होस्, युवा भावनाअनुरूप सत्ता अघि बढोस् । दुःखका साथ भन्नुपर्छ यति धेरै क्षति हुँदा समेत कुनै स्थापित दलका शीर्ष नेताले स्वतःस्फूर्त युवालाई मार्गप्रशस्त गर्ने कुनै पनि सन्देश दिइरहेका छैनन्, आन्दोलनलाई घुसपैठ र बाह्य शक्तिको ढाडस दिइरहेका छन्, जेन-जी पुस्तालाई राजनीतिप्रति (बाँकी ३ पेजमा...)

# जेनजी आन्दोलनमा निजी क्षेत्रको पनि ठूलै क्षति

*रमेश लम्साल*

**काठमाडौँ, ८ असोज ।**
गत भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलनका कारण मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार जल्यो । न्यायको मन्दिर मानिने सर्वोच्च अदालतको भवन आगोमा दन्कियो । ऐतिहासिक धरोहरका रुपमा रहेको राष्ट्रपति कार्यालय शीतल निवासमाथि आक्रमण भयो, आगजनी गरियो। मुलुकको आर्थिक क्षेत्रमा झण्डै ८१ प्रतिशत योगदान गर्ने र रोजगारीमा ८६ प्रतिशत योगदान प्रदान गर्दै आएको निजी क्षेत्रमाथि पनि आन्दोलनका क्रममा आक्रमण भयो ।नेपाल उद्योग वाणिज्य महासङ्घलगायतका निजी संस्थाले क्षतिको विवरण सङ्कलन गरिरहेका छन् । यद्यपि, प्रारम्भिक विवरण भने सार्वजनिक गरेको छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार हालसम्म उपलब्ध तथ्याङ्क र सूचनाअनुसार निजी क्षेत्रको मात्रै करिब रु ८० अर्ब बराबरको क्षति भएको छ। अध्यक्ष ढकाल निजी सबैभन्दा ठूलो रोजगारदाता भए पनि हरेक आन्दोलनमा निजी क्षेत्र निशानामा पर्नु गम्भीर विषय भएको बताउनुहुन्छ ।आन्दोलनका क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्व बुझ्न र बुझाउन नसकिएको उहाँको बुझाइ छ। सरकारले छोटो समयमा नै निजी क्षेत्रको धारणाअनुसार राहतका प्याकेज घोषणा गरेर निजी क्षेत्रको मनोबल उकास्ने काम गरेको र यसलाई महासङ्घले सकारात्मक रुपमा लिएको उहाँको भनाइ छ। देशभर चेन निर्माण गरेर व्यापारमा विविधिकरण गर्दै आएको भाटभटेनी सुपरमार्केटमाथि आक्रमण भयो। भाटभटेनीका अध्यक्ष मिनबहादुर गुरुङले रु १० अर्ब ८५ करोड बराबरको क्षति भएको प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा विवरण दिनुभएको छ। सो व्यापारिक प्रतिष्ठानको १२ वटा स्टोर पूर्णरुपमा जलाइएको र नौ वटामा आशिंक क्षति पुगेको छ ।कूल २८ स्टोरमध्ये १६ वटा भने पुनःसञ्चालनमा आइसकेको छ । भाटभटेनीले नेपालीको सबैभन्दा ठूलो चाड दसैंको अवसरमा स्टोर बन्द भएकै कारण कुनै पनि कर्मचारीलाई सेवाबाट नहटाउने यसअघि नै स्पष्ट पारिसकेको छ। दसैं भत्तासमेत दिने उसको घोषणा छ । “रोजगारी कोही कसैको पनि जाँदैन, तलब भत्ता पनि रोकिदैन”, गुरुङले भन्नुभएको छ। भाटभटेनीका स्टोरमा राखिएका रु पाँच अर्ब ९६ करोड तीन लाख ६७ हजार पाँच सय ९३ बराबरको सामग्री पूर्णरुपमा जलेका छन् । यस्तै, झण्डै ५० करोड बराबरको सामग्री तोडफोड र लुटपाट भएको छ।

त्यस्तै, दूरसञ्चार सेवा प्रदायक एनसेलको लैनचौरस्थित मुख्य कार्यालयमा राखिएका दुई दर्जनभन्दा बढी सवारीमा गत भदौ २४ गते आगजनी गरिएको जनाएको छ। मुख्य कार्यालयको पहिलो तल्ला आगजनीका कारण क्षतिग्रस्त छ । १०औं तल्लासम्म लुटपाट भएको छ। कर्मचारीका व्यक्तिगत सामानसमेत हराएका छन् । लैनचौरका साथै एनसेलको पोखरा, धनगढी र कञ्चनपुरको महेन्द्रनगरको कार्यालयमा तोडफोड र अगजनी गरिएको छ । सो कम्पनीका करिब चार सय कर्मचारीले हाल घरैबाट सेवा दिइरहेका छन् । आगजनी र लुटपाटमा बाबजूत सो कम्पनीले तीन दिनसम्म आफ्ना सबै सेवा निःशुल्क दिएको थियो।

## ससाना खुद्रे...

क्रियाकलाप/कार्यक्रममा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राखिने भएको छ।
सरकारले सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने, तर कानुनबमोजिम गठन भएको समितिको काममा कार्यालय समयबाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने जनाएको छ । सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधाबापतको रकम लिन नपाउने भएको छ । त्यस्तै सरकारले विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने तथा विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउनेजस्ता कामका लागि सेवा परामर्श नलिने निर्णय गरेको छ।
विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने भएको छ। पानी, बिजुली र सञ्चार महसुललगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने, पानी, बिजुली र सञ्चार महसुलबापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढङ्गले खर्च गर्ने सरकरको निर्णय छ । त्यसैगरी ियमा उल्लेख छ। त्यसैगरी विदेशस्थित कूटनीतिक नियोगहरूमा कार्यरत कर्मचारीहरूको निवासको लागि घरभाडामा लिनुपर्दा वा अब आइन्दा घरभाडा नवीकरण गर्नुपर्दा व्यापारिक क्षेत्र र सहरका प्रमुख मार्गहरूमा लिन नपाइने भएको छ । सरकारको निर्णयानुसार सङ्घ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारीसाधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाइकलजस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्नुपर्नेछ।
त्यस्तै जेनजी प्रदर्शनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफालगायतका कार्यालय सामान, मेसिन उपकरण, फर्निचरजस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने र त्यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने निर्णयमा उल्लेख छ। आगामी दिनमा सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुआत गरिनेछ।
त्यसैगरी त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरूलगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने, यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने भएको छ।
प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाइनेछ भने विभिन्न मुलुकका लागि खटिने नेपाल सरकारको प्रतिनिधि राजदूतको नियमानुसार बाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गरिएको छ । सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने, महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने, ग्यास, साइकल, स्वास्थ्य बिमा शुल्क, विद्युत् महसुल भुक्तानी, ह्याण्डपम्प, साड़ी वितरणजस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने सरकारको निर्णय छ। बक्यौता असुलीका लागि सरकारले अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने, अन्तिम लेखा परीक्षणबाट असुलउपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुलउपर गर्ने निर्णय गरेको छ । निर्णयानुसार प्रचलित कानुनमा व्यवस्था भएको तर नियामक निकायहरूबाट नेपाल सरकारको कोषमा दाखिला हुन बाँकी मौज्दात रकम २०८२ असोज मसान्तभित्र नियमानुसार दाखिला गराउनुपर्नेछ।

## देश डढाउने...

वितृष्णा हुनुको मुख्य कारण शीर्ष दलका शीर्ष नेताहरूको अनुहार नै हो। जेन-जी पुस्ताले खासै राजनीतिप्रति चासो पनि लिएको थिएन। तर, उसले दुई दिन राजनीति गरिदिँदा युवा पुस्ता राजनीतिबाट अलग छैन भन्ने स्पष्ट सन्देश दिएको छ र नेतृत्वलाई बेजोड खबरदारी गरेको छ। सच्चिने या सकिने दुई विकल्पमा सीमित गरिदिएको छ।
हालको अवस्थामा जेन-जी पुस्तासँग दुइटा विकल्प शेष छन्, अहिलेको अन्तरिम सरकारद्वारा भ्रष्टाचारको व्यापक छानबिन गरी निर्मूल पार्ने र आउने चुनावमार्फत राजनीतिमा अक्षम ठहरिएका अनुहारलाई लोकतान्त्रिक विधिमार्फत विस्थापित गराउने। मलाई लाग्छ, युवाले दुई दिनको आन्दोलनबाट भ्रष्टाचारी र शीर्ष नेतृत्वको मानसिकता जरैदेखि खल्बलिएको छ। अब एक दिन मतदानमार्फत योग्य सक्षम व्यक्तिलाई निर्वाचित गराऊँ। योग्य व्यक्ति अघि बढौँ र नेतृत्व लिन तयार होऔँ।
(नयाँपत्रिका)

## जनादेश...

सकिँदैन। त्यसका लागि लोकतन्त्र, संविधान र दलहरूको सुधार जेनजीको पहिलो सर्त पनि हो । नयाँ पुस्ताले पुराना दलको नेतृत्व र अभ्यासप्रति असन्तोष देखाएको छ । उनीहरू सिङ्गो पुस्ताको प्रतिनिधित्व गर्ने नयाँ विचारधारा, राजनीतिक विकल्प, आर्थिक, सामाजिक रूपान्तरण खोजिरहेका छन्। दललाई सुधारिन यो पुस्ताले सचेत गराएको छ।
अन्त्यमा मुलुकले अकल्पनीय मानवीय क्षति बेहोर्नु परेको छ । व्यक्तिगत, व्यावसायिक, सरकारी, सार्वजनिक र सञ्चार जगत्का भौतिक संरचना, राज्यका न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका खण्डहर भएका छन् । हामीबिचको सहिष्णुता, भातृत्व, मानवता, राजनीतिक र सामाजिकीकरणका सम्बन्ध भत्किएका छन् । यो समयमा पाका पुस्ताबाट नयाँ पुस्ताका लागि सहयोग, समन्वय र परामर्शको खाँचो पनि छ। यसर्थ नेपालमा जेनजी पुरानो राजनीतिक संस्कृतिबाट विमुख भएर नयाँ जनादेश, नयाँ नेतृत्व र नयाँ राजनीतिक अभ्यास खोजिरहेको छ । उनीहरूको चाहनालाई सही दिशामा रूपान्तरण गर्न सकियो भने यो पुस्ता नै नेपालको भविष्य राजनीतिक रूपान्तरणको नक्सा कोर्ने पुस्ता बन्न सक्छ ।
(गोरखापत्र)

### भुमिकास्थान नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

***नदीजन्य पदार्थको दोश्रो पटक मिति : २०८२/०६/०९***

*स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ. बमोजिम प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण २०८१ प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८२ असार २५ गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ४ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८२ को दफा ८ बमोजिम,तथा भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा १७ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट आ.ब २०८२/०८३ मा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री शुल्क संकलन गर्ने प्रयोजनका लागि सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्तसम्म आ.ब.२०८२/०८३ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।*

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरी वा नगरपालिकाबाट सो रकम बराबरको रसिद काटी यस कार्यालयबाट मिति २०८२/०६/२३ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।
२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सहीछाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८२/०६/२४ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८२/०६/२४ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं.२५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ।

**तपसिल**

**बैंक खाताको विवरण** :
**खातावालाको नाम : भूमिकास्थान नगरपालिका, अर्घाखाँची**
**खाता नं**. : २५८७०८६९८६८००११८, **विभाज्य कोष खाता**
**बैंकको नाम र ठेंगाना : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।**

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दश प्रतिशतसम्म रकम छूट दिन सकिनेछ।
१०.यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ।
११.प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सोको अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ।
१२.यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१३.यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९५ मा सम्पर्क गर्न सकिने छ।

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | २०८२/०८३ को लागि कायम न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | संकलन गर्न पाउने रकम (१३ प्रतिशत मु.अ.कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 4/BM/IR/2082/083 | दुर्वाङ्ग खोला | आँपखोला झो.पू. देखि दक्षिण तर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग झो.पू. बगर क्षेत्र देखि दक्षिण तर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म । | ४,८४०००/- | ६/- | प्रति क्यु फिट | २२८७ |
| 5/BM/IR/2082/083 | खाकाबेसी खोला | पाकुरे/काउले,रातामाटा,सानडाँडा डडुकामुख,चालिसे,आपकारुख,चाम्रे बगर क्षेत्र | ३१,५००/- | ६/- | प्रति क्यु फिट | १५० |

## प्रहरी

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| प्रहरी चौकी गल्याङ | ०६३-४६०१९९ |
| ई.प्र.का.,लुम्बिनी | ०७१-४०४०३२ |
| वडा प्रहरी कार्यालय वालिङ | ०६३-४४०१९९ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

## एयरलाइन्स

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

## अस्पताल

| | |
|---|---|
| लुम्बिनी अ.अस्पताल | ५४०२००,५४०२०१ |
| भीम, भैरहवा | ५२०१९३ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| एडमण्ड सी.टी.अस्पताल, बुटवल | ०७१-५५१५५८,५५१५५७ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

## दमकल

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

## एम्बुलेन्स

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा९८४७०२५६९७ | |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ,भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति,भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाईं क्लब, कपिलवस्तु: | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा,लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |

**ट्वाईलेट सफा गराउनुहोस्**

**के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस।**

ट्याक्सी रिजर्भकोलागि
पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर
**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं।*

# दुई महिनामा सात अर्बका गाडी भित्रिए

रासस/वीरगञ्ज (पर्सा), ८ असोज । चालु आर्थिक वर्षको पहिलो दुई महिनामा वीरगञ्ज नाकाबाट रु सात अर्ब १६ लाख मूल्यबराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका छन् । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा उक्त नाकाबाट रु एक अर्ब ७५ करोड बढी मूल्यका सवारीसाधन र त्यसमा प्रयोग हुने पार्टपुर्जा आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गत आवको उक्त अवधिमा रु पाँच अर्ब २५ करोडका सवारीसाधन तथा पार्टपुर्जा आयात भएका थिए ।

कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको दुई महिनामा यो नाका हुँदै सवारीसाधनको आयात उत्साहजनक भएको बताउनुभयो । "गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्वमा समेत वृद्धि भएको छ ।" गत आवको दुई महिनामा सवारीसाधनको आयातबाट रु चार अर्ब ४७ करोड ७६ लाख राजस्व सङ्कलन भएको थियो भने चालु आवको दुई महिनामा सवारीसाधनको आयातबाट रु छ अर्ब १३ करोड ९२ लाख राजस्व सङ्कलन भएको छ ।

चालु आवको दुई महिनामा रु ४३ करोड ५२ लाख मूल्यका एक सय ७८ वटा जीप, कार र भ्यान आयात भएका छन् । जबकि गत आवको सोही अवधिमा रु ५१ करोड ६२ लाख मूल्यका दुई सय ९५ वटा जीप, कार र भ्यान आयात भएको थियो । चालु आवको दुई महिनामा रु दुई अर्ब ७९ करोडका २० हजार ६२० थान अनएसेम्वल्ड मोटरसाइकल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा रु एक अर्ब ८५ करोड मूल्यका १४ हजार ७६६ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएको छ । चालु आवको दुई महिनामा रु ६६ करोड ४३ लाख मूल्यका तीन सय १८ वटा अन्य बस ट्रकका चेसिस आयात भएको कार्यालयको भनाइ छ ।

# करिब तीन अर्बको पेट्रोलियम पदार्थ आयात

रासस/भद्रपुर (झापा), ८ असोज । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा काँकरभिट्टा नाकाबाट रु दुई अर्ब ८४ करोड ४८ लाख ८४ हजारको पेट्रोलियम पदार्थ आयात भएको छ । नाकाबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात भएको हो । मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार गत आवको सोही अवधिको तुलनामा नाकाबाट आयात हुने पेट्रोलियम पदार्थ रु १० करोड ६१ लाख २८ हजार अर्थात् तीन दशमलव ६० प्रतिशतले घटेको छ । यद्यपि पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व शून्य दशमलव ५० प्रतिशत अर्थात् रु ६४ लाख तीन हजारले बढेको उहाँले बताउनुभयो ।कार्यालयको तथ्याङ्कअनुसार गत साउन भदौ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु एक अर्ब ३९ करोड ८६ लाख ३० हजार राजस्व सङ्कलन भएको छ । उक्त अवधिमा रु एक अर्ब ४२ करोड ७२ लाख मूल्य बराबरको १६ हजार ३५२ किलोलिटर पेट्रोल आयात भएको थियो । यसैगरी रु ८४ करोड ४२ लाख मूल्य बराबरको नौ हजार चार किलोलिटर डिजेल आयात भएको छ । यसैगरी रु ४० करोड ४९ लाख मूल्यबराबरको चार हजार २३३ मेट्रिक टन एलपी ग्यास, रु १३ करोड २८ लाख मूल्य बराबरको एक हजार ४८८ किलोलिटर एटिएफ र रु दुई करोड २२ लाख मूल्यबराबरको दुई सय ४८ किलोलिटर मट्टितेल आयात भएको छ ।

# मधेश सरकारलाई कांग्रेसको समर्थन फिर्ता

**तिलोत्तमा/काठमाण्डौ, ८ असोज ।**

नेपाली कांग्रेसले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । जनकपुरमा बुधबार बसेको संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिएर अर्को सरकार गठनको पहल थाल्ने निर्णय गरेको कांग्रेसको मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादवले जानकारी दिनुभयो ।

गएको भदौ २४ गते जेनजी आन्दोलनका क्रममा मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले राजीनामा घोषणा गर्नुभएको थियो । तर पछि राजीनामा दिन अस्वीकार गरेपछि मुख्यमन्त्री सिंहको दल जनमतले मुख्यमन्त्रीसहित दुई जना मन्त्रीलाई फिर्ता बोलाएको थियो । जनमतले समर्थन फिर्ता लिएको पत्र मधेश प्रदेश सभामा भदौ ३१ गते नै बुझाइसकेको छ । समर्थन कायमै राखेको कांग्रेसले पनि आज समर्थन फिर्ता लिएको हो । नेकपा एमालेले सिंहलाई विश्वासको मत दिने बताइसकेको छ । १ सय ७ सदस्यीय मधेश प्रदेशमा सबैभन्दा ठूलो दल एमालेको २३ सिट छ । दोस्रो कांग्रेसको २२, तेस्रो जसपाको १६ र चौथो जनमतको १३ सिट छ । १० वटा दलको प्रतिनिधित्व रहेको मधेशमा ६ जना स्वतन्त्र सांसद छन् । अब मधेशमा नयाँ सरकार बनाउने क्रममा राजनीतिक किचलो देखिने सम्भावना धेरै रहेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

# तुइन खोलाको पहिरो पन्छाउन दुई दिन लाग्ने



रासस/चितवन, ८ असोज । नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा खसेको पहिरो पन्छाउन दुई दिन लाग्ने जनाइएको छ । मङ्गलबार दिउँसो ४:३० बजे खसेको पहिरो आज बिहानबाट पन्छाउन थालिएको हो । डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख नारायण लामिछानेका अनुसार पहिरो पन्छाउन दुई वटा लोडर, एउटा स्काभेटर र एउटा भ्याकुलोडर परिचालन गरिएको छ । दमौलीबाट अर्को एउटा स्काभेटर मगाइएको छ ।

सडकको १६० मिटर भाग पहिरोले ढाकिएको छ । लामिछानेले पहिरोको तस्बिर हेर्दामाथिबाट अरु थप ठूलो पहिरो झर्ने सम्भावना कम भए तापनि माथिबाट झर्न बाँकी केही ढुङ्गाहरू पूर्ण रुपमा झरिनसकेकाले अझै साना तथा मझौला पहिरो खस्न सक्ने सम्भावना रहेको बताउनुभयो । सो ठाउँमा गत शुक्रबारदेखि निरन्तर पहिरो खसिरहेको छ । समय समयमा पहिरो पन्छाएर केही सवारी आवागमन गराइएको भए पनि मङ्गलबार साँझबाट ठप्प भएको छ । सडक रोकिएसँगै ठूलो सङ्ख्यामा सवारीसाधन लाममा छन् । यात्रुवाहक सवारीसाधन भने फर्काएर वैकल्पिक मार्गतर्फ लागेका छन् । मालवाहक सवारीसाधन लाममा छन् ।

यसैबीच डिभिजन सडक कार्यालय चितवनले तुइन खोलामा पहिरोका कारण सवारी रोकिएपछि वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेको छ ।

कार्यालयले दिएको जानकारीअनुसार साना सवारी चितवनको जुटपानी, शक्तिखोर, मायाँटार हुँदै धादिङको मलेखु निस्किन सकिने छ । त्रिभुवन राजपथ हुँदै धादिङको नौबिसेबाट मकवानपुरको हेटौँडा निस्किन सकिने छ । हेटौँडाबाट भैँसे, भीमफेदी, कुलेखाने, सिस्नेरी हुँदै दक्षिणकाली बाटो हलुका सवारीसाधन सञ्चालन गर्न सकिने कार्यालयले जनाएको छ ।

काठमाडौँतर्फ जाने ठूला सवारीसाधनका लागि पूर्वबाट कान्ति लोकपथ प्रयोग गरी हेटौँडा, गिंगन हुँदै भट्टेडाँडा हुँदै ललितपुरको सातदोबाटो निस्कन सकिने जनाइएको छ । त्यसैगरी पोखरा जानका लागि ठूला साना दुवै सवारीसाधनले बुटवल हुँदै पोखरा जान मिल्ने जनाएको छ ।

कालीगण्डकी कोरिडोरको बाटो साना सवारी सञ्चालन गर्न सकिने छ । गैँडाकोटबाट तनहुँको भिमाद र पाल्पाको रामपुर जान सकिने कार्यालयले जनाएको छ ।


हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड
*'विजया दशमी शुभ-दिपावली तथा छठ पर्व -२०८२'*
को पावन अवसरमा अभिभावक, विद्यार्थी, शिक्षक कर्मचारी एवं शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा सुख शान्ति, समृद्धि र दिर्घायुकोलागी मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

लिट्स कलेज परिवार
बुटवल-८ परिवार



रेविजः तथ्य बुझौं, त्रसित नहोऔं ।

रेविजः कुकुर तथा जंगली जनावरको टोकाइबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

यसबाट बच्नः
- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेट सम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेविज विरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,

रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं !

नेपाल सरकार
विज्ञान बोर्ड



पश्चिम नेपाल बस व्यवसायी कम्पनी प्रा. लि. द्वारा सञ्चालित



दैनिक यात्रु सेवा
पोखरा-वालिङ
भैरहवा-लुम्बिनी
लुम्बिनी-भैरहवा
वालिङ-पोखरा
TOYOTA COASTER BUS

छुट्ने समयः
टुरिष्ट बस पार्क पोखराबाटः बिहान ७:३० बजे
लुम्बिनीबाटः बिहान ७:३० बजे
भैरहवाबाटः बिहान ८:०५ बजे
बुटवलबाटः बिहान ८:४५

सम्पर्क नं.:
बुटवलः ०७१-५४३६६९
०७१-५३००११, ९८४७०२४९८९
भैरहवाः ०७१-५२०३५१
लुम्बिनीः ९८४७०३८९६९

Swift Holidays Pvt. Ltd.
Pokhara-6, Lakeside Tel:061:467884, 9856067884, 9856016077
swiftholidaysnepal@gmail.com swiftholidays



हार्दिक मंगलमय शुभकामना

*'विजया दशमी शुभ-दिपावली तथा छठ पर्व -२०८२'*
को उपलक्ष्यमा यस संस्थाका शेयरसदस्य, सेवाग्राही कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा शुख शान्ति, समृद्धि र दिर्घायुकोलागी *मंगलमय शुभकामना* ब्यक्त गर्दछौं ।

महेश कुमार कोइराला
अध्यक्ष
संरक्षण बचत तथा ऋण सहकारी संस्था लि.
परिवार बुटवल-६ शिखरपथ



हार्दिक मंगलमय शुभकामना

*'विजया दशमी शुभ-दिपावली तथा छठ पर्व -२०८२'*
को उपलक्ष्यमा यस संस्थाका शेयरसदस्य, सेवाग्राही कर्मचारी, शुभचिन्तक तथा सम्पुर्ण देशबासीहरुमा शुख शान्ति, समृद्धि र दिर्घायुकोलागी *मंगलमय शुभकामना* ब्यक्त गर्दछौं ।

गोविन्द खनाल
अध्यक्ष
धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि.
बुटवल-८ रुपन्देही परिवार


**मणि मुकुन्द प्रकाशन प्रा. लि.** द्वारा प्रकाशित **नव तिलोत्तमा दैनिक**का लागि अध्यक्षः **जनक कोइराला**, प्रबन्ध सञ्चालक/सम्पादकः **माधव नेपाल**, फोन नं. **विज्ञापनः** ०७१-४३८५७४,
**समाचारः** ०७१-४३८५७५ **फ्याक्स नं.** ०७१-४३८५७२ **कार्यालयः** कालिकानगर-१० बुटवल, इमेलः **tilottamadainik@gmail.com,** मुद्रणः **तिलोत्तमा प्रेस**, बुटवल रुपन्देही